# विश्वविद्यालय अनुदान आयोग,
# अनुसन्धान अनाचरणसम्बन्धमा नीति, २०७४
**The UGC Policy Regarding Research Misconduct, 2018**

University Grants Commission

**विश्वविद्यालय अनुदान आयोग**

सानोठिमी, भक्तपुर, नेपाल

२०७४

# विश्वविद्यालय अनुदान आयोग,
# अनुसन्धान अनाचरणसम्बन्धमा नीति, २०७४

प्रस्तावना- मुलुकको उच्चशैक्षिक तथा अनुसन्धान संस्थाहरूमा हुने अनुसन्धानमा उच्च अनुसन्धान सदाचारलाई प्रोत्साहन गर्दै अनुसन्धान अनाचरणबाट मुक्त राखी प्राज्ञिक अक्षुण्णता कायम राख्न विश्वविद्यालय अनुदान आयोगले अनुसन्धान अनाचरणसम्बन्धमा नीति, २०७४ निर्माण गरेको छ । विश्वविद्यालय अनुदान आयोग र आयोगको अधिकारक्षेत्रभित्रका उच्च शैक्षिक संस्था र अनुसन्धान संस्थाहरूले यो नीतिको भावना अनुरूप हुने गरी संस्थाको आवश्यकताअनुसारका विशिष्ट र विस्तृत अनुसन्धान अनाचरण सम्बोधन कार्यविधि निर्माण गरी लागु गर्नुपर्नेछ ।

१. परिभाषा -

यस नीतिको प्रयोजनको निम्ति "अनुसन्धान", "अनुसन्धान सदाचार" र "अनुसन्धान अनाचरण" को निम्नलिखित परिभाषा तोकिएको छः

१.१ अनुसन्धान (Research): अनुसन्धान भन्नाले कुनैपनि अध्ययन क्षेत्रमा वैज्ञानिक खोजबाट प्राप्त तथ्यहरूको अभिलेखीकरण हेतु आयोग वा कुनै पनि अनुदान प्रदायक संस्थाबाट प्राप्त अनुदान वा अन्य सहयोगबाट उच्च शैक्षिक संस्था वा अनुसन्धान संस्थामा सञ्चालन भएको वा प्रस्तावित भएको अनुसन्धान परियोजनासँग सम्बद्ध अनुसन्धान प्रस्ताव, अनुसन्धान कार्य, तथ्याङ्क संकलन, प्रयोगशाला अभिलेख, परिणाम अभिलेख, प्रगतिविवरण, प्रतिवेदन, शोधप्रबन्ध, मौखिक प्रस्तुति र प्राज्ञिक पत्रिकामा शोधलेख लगायतका गतिविधि र अभिलेख भन्ने बुझ्नुपर्दछ ।

१.२ अनुसन्धान सदाचार (Research ethics): अनुसन्धान सदाचार भन्नाले वैज्ञानिक अनुसन्धानको लागि विश्वव्यापी प्राज्ञिक समुदायले स्वीकार गरेका इमान्दारी, वस्तुनिष्ठता, अक्षुण्णता, होशियारी, खुलापन, बौद्धिक सम्पत्तिप्रति सम्मान, जवाफदेही प्रकाशन, जवाफदेही प्रशिक्षण, सहकर्मीप्रति सम्मान, सामाजिक उत्तरदायित्व, अभेदभाव, सामर्थ्य, वैधता, जनावरको हेरचाह र अनुसन्धानमा संलग्न व्यक्तिको संरक्षण लगायतका नैतिक मानदण्डको पालना भन्ने बुझ्नुपर्दछ ।

१.३ अनुसन्धान अनाचरण (Research misconduct): अनुसन्धानको प्रस्ताव, सञ्चालन, समीक्षा र प्रतिवेदन दिने काम गर्दा जानीजानी गरिएको झुटा विवरण, तोडमरोड र बौद्धिक चोरी कार्य एवं हानिकारक क्रियाकलापलाई बुझ्नुपर्दछ ।

१.३.१ झुटा विवरण (Fabrication) भन्नाले अनुसन्धानको अभिलेख र प्रतिवेदनमा झुटा तथ्याङ्क र परिणाम पार्ने कामलाई बुझ्नुपर्दछ ।

१.३.२ तोडमरोड (Falsification) भन्नाले अनुसन्धान सामग्री, उपकरण वा प्रक्रियालाई गलत परिणाम आउने गरी तोडमरोड गर्ने र तथ्याङ्क र परिणाम प्रस्तुत गर्दा वास्तविक तथ्याङ्क र परिणामभन्दा फरक हुने गरी प्रस्तुत गर्ने कामलाई बुझ्नुपर्दछ ।

१.३.३ बौद्धिक चोरी (Plagiarism) भन्नाले अन्य स्रोतको विचार, प्रक्रिया, परिणाम र शब्दहरूलाई उद्धृत गर्दा उक्त स्रोतलाई श्रेय नदिई आफ्नै विचार, प्रक्रिया, परिणाम र शब्दहरू भएको दाबी हुने वा त्यस्तो बुझिने

University Grants Commission

गरी प्रस्तुत गर्ने कामलाई बुझ्नुपर्दछ । आफ्नै पूर्वप्रकाशित कार्य वा कृतिलाई पनि उद्धृत गर्दा श्रेय नदिई नयाँ कार्य वा कृतिको रूपमा प्रस्तुत गर्ने कार्य (Self-plagiarism) लाई पनि बौद्धिक चोरी मानिनेछ ।

१.३.४ हानिकारक क्रियाकलाप(Harmful activity) भन्नाले अनुसन्धानमा प्रयोग भएका व्यक्ति, प्राणी, वातावरण र सार्वजनिक सम्पत्तिलाई हानी हुने गरी गरिएको कामलाई बुझ्नुपर्दछ ।

१.३.५ अज्ञानतावश भएका भुलचूकहरू र मतभिन्नताहरू अनुसन्धान अनाचरणभित्र पर्दैनन् ।

२. अनुसन्धान अनाचरण ठहर हुने अवस्था-

अनुसन्धान अनाचरण ठहरिनको लागि निम्नलिखित तीन अवस्थाहरू एकसाथ पुरा भएको हुनुपर्दछः

(क) अनुसन्धानको क्षेत्रसँग सम्बन्धित प्राज्ञिक समुदायमा अवाञ्छित मानिएको काम भएको हुनुपर्दछ;

(ख) अनुसन्धान अनाचरण गर्ने नै नियतका साथ, जानीजानी वा लापरवाही गरी गरेको हुनुपर्दछ;

(ग) अनुसन्धान अनाचरणको आरोपलाई प्रस्तुत प्रमाणहरूको प्रबलता (Preponderance of the evidence) ले पुष्टि गरेको हुनुपर्दछ ।

३. संस्थागत जिम्मेवारी-

३.१ उच्च शैक्षिक संस्था र सम्बद्ध अनुसन्धान संस्थामा हुने अनुसन्धानकार्यलाई इमान्दार र गुणस्तरको बनाउनु ती संस्था र विश्वविद्यालय अनुदान आयोगको साझा जिम्मेवारी हुनेछ । अनुसन्धान सदाचार कायम राख्न निगरानी र अन्तिम फैसला गर्ने निकाय विश्वविद्यालय अनुदान आयोग हुनेछ । अनुसन्धान अनाचरण पत्ता लगाउने, रोक्ने र प्रारम्भिक सोधपुछ, छानबिन एवं फैसला गर्ने प्राथमिक कर्तव्य चाहिँ सामान्यतया अनुसन्धान सञ्चालन भएका संस्था वा त्यस संस्थालाई रेखदेख गर्ने निकटतम संस्थाको हुनेछ । सीमित स्रोत भएका साना संस्थाहरूले सोधपुछ र त्यसपछिका प्रक्रियाको लागि आयोगको सहयोग लिन वा पुरै प्रक्रिया आयोगद्वारा गराउन अनुरोध गर्न सक्नेछन् ।

३.२ अनुसन्धान अनाचरण सम्बन्धमा आयोगमा पर्न आएका कुनै पनि उजुर आयोगले सामान्यतया सो कार्य भएको संस्थामा नै आवश्यक प्रक्रियाको लागि पठाउनेछ । तर विशेष अवस्थामा वा आयोगलाई उचित लागेको खण्डमा आयोगले नै सो उजुर सम्बन्धमा प्रक्रिया अघि बढाउन सक्नेछ । निम्नलिखित लगायतका अवस्थामा आयोगले प्रक्रिया अघि बढाउन सक्नेछः

३.२.१ अनुसन्धान अनाचरण कार्य भएको संस्थासँग यस नीतिमा निर्दिष्ट विधि पुऱ्याई प्रक्रिया सम्पन्न गर्न यथेष्ट स्रोत नभएको;

३.२.२ जनस्वास्थ्य र सुरक्षा लगायतका सार्वजनिक महत्त्वका जरूरी विषयसँग जोडिएको;

३.२.३ प्रक्रियाको गुणस्तरको निम्ति आयोगलाई आयोगको संलग्नता जरूरी लागेको ।

३.३ सम्बोधन प्रक्रिया बहुचरणयुक्त हुनुपर्ने -

अनुसन्धान अनाचरणको उजुरलाई सम्बोधन गर्ने प्रक्रिया सामान्यतया प्रारम्भिक सोधपुछ, छानबिन, फैसला र पुनरावेदन गरी चार चरणको हुनेछ ।

University Grants Commission

३.३.१ सोधपुछ (Inquiry) भन्नाले अनुसन्धान अनाचरणबारे परेको उजुर थप छानबिन गर्न योग्य भए नभएको निर्धारण गर्न गरिने प्रारम्भिक प्रक्रिया बुझ्नुपर्दछ।

३.३.२ छानबिन (Investigation) भन्नाले अनुसन्धान अनाचरणका तथ्यहरूको अभिलेखीकरण र ती तथ्यहरूको छानबिन गरी सो मुद्दा अप्रमाणित भए रद्ध गर्ने र प्रमाणित भए उपयुक्त उपचारको सिफारिश गर्ने काम बुझ्नुपर्दछ।

३.३.३ फैसला (Adjudication) भन्नाले छानबिनबाट सिफारिश भएको उपचारको समीक्षा गरी आवश्यक दोषनिवारक कारवाही निर्धारण गर्ने प्रक्रिया बुझ्नुपर्दछ।

३.३.४ पुनरावेदन (Appeal) भन्नाले फैसलाले दोषी ठहऱ्याएको पक्षले फैसलामा चित्त नबुझेमा सो फैसला विरुद्ध उजुर दिने, उजुर सुन्ने र फैसलाको समीक्षा गरी त्यसमा अन्तिम निर्णय दिने आङ्गिक संरचना र कार्यविधि बुझ्नुपर्दछ।

३.३.५ सोधपुछ अधिकारीको परामर्शद्वारा दोषनिवारण हुन सक्ने सामान्य प्रकृतिका मुद्दा भएमा सोही प्रक्रियाबाट दोषनिवारण गर्न सकिनेछ । यस्तो प्रक्रियाअनुसारको दोषनिवारणमा चित्त नबुझी उजुर पर्न आएमा यस नीतिमा उल्लिखित सबै चरण प्रयोग गरी प्रक्रिया पुरा गर्नुपर्नेछ।

३.४ आयोगले जाँच गर्न सक्ने-

अनुसन्धान अनाचरणको उजुर उपर शैक्षिक संस्थाले पुरा गरेका प्रक्रियाहरूमा आयोगले थप निरीक्षण वा जाँच गर्न सक्नेछ। आयोगले थप निरीक्षण वा जाँच गरेमा यस्तो जाँचको समीक्षा गरी यसमा आकर्षण हुने नीतिनियमको आधारमा कारवाहीको निर्धारण गर्नुपर्नेछ र आयोगले आयोगको सो निर्णयको सूचना शैक्षिक संस्था र दोषारोपित पक्षलाई दिनुपर्नेछ। आयोगको यस्तो निर्णय उपर पुनरावेदन गर्नुपरेमा आयोगको उपर्युक्त नियम र कार्यविधिमा तोकिएबमोजिमको अङ्गमा र तोकिएको विधिअनुसार गर्न सकिनेछ।

३.५ प्रक्रियाका चरणहरूको आङ्गिक पृथकीकरण -

अनुसन्धान अनाचरण मुद्दाको फैसला चरण र सोधपुछ एवं छानबिन चरण आङ्गिक रूपमा पृथक् हुनुपर्दछ। त्यस्तै, पुनरावेदन प्रक्रिया र सोधपुछ एवं छानबिन प्रक्रिया पनि आङ्गिक रूपमा पृथक् हुनुपर्दछ।

३.६ शैक्षिक संस्थाले आयोगलाई सूचना दिनुपर्ने -

३.६.१ उच्च शैक्षिक संस्था र अनुसन्धान संस्थाहरूले अनुसन्धान अनाचरणको घटना, उजुर र प्रक्रियाको बारेमा निम्नलिखित अवस्थामा विश्वविद्यालय अनुदान आयोगलाई सूचित गर्नुपर्दछः

(क) आयोग वा आयोग मातहतका अङ्गद्वारा सहयोग दिइएको अनुसन्धानमा आयोगले परिभाषित गरेको अनुसन्धान अनाचरणको अवस्था भएमा;

(ख) संस्थाले शुरू गरेको प्रारम्भिक सोधपुछमा थप छानबिन गर्न योग्य अवस्था भएको यथेष्ट प्रमाण भेटिएमा।

३.६.२ संस्थाले छानबिन प्रक्रिया सम्पन्न गरेपछि सो प्रक्रियाबाट प्राप्त प्रमाणहरूका अभिलेख, छानबिनको प्रतिवेदन, फैसला गर्ने अधिकारी समक्ष पेश भएका सिफारिसहरू र सो उपर दोषारोपित पक्षको लिखित प्रतिउत्तर छ भने सोसमेत आयोगमा पठाउनुपर्नेछ। संस्थाले फैसला प्रक्रिया सम्पन्न गरेपछि फैसला गर्ने अधिकारीले गरेको निर्णय र कुनै

University Grants Commission

दोषनिवारक कारवाही गरिएको वा गर्ने योजना बनाइएको छ भने सो समेतको सूचना आयोगमा पठाउनुपर्नेछ ।

३.७ आयोग लगायत अन्य सरकारी निकायलाई सूचना दिनुपर्ने अन्य अवस्था -
सोधपुछ र छानबिनको क्रममा निम्नलिखित अवस्था विद्यमान भएको वा भएको हुनसक्ने भेटिएमा तुरून्त संस्थाको माथिल्लो निकाय, आयोग र सुरक्षा निकायलाई सूचना दिनुपर्दछ:

(क) जनस्वास्थ्य वा जनसुरक्षा जोखिममा भएको;
(ख) सार्वजनिक सम्पत्ति वा हितलाई हानि भइरहेको;
(ग) अनुसन्धान कार्य तुरून्त रोक्न आवश्यक भएको;
(घ) सार्वजनिक वा फौजदारी अपराध भएको हुन सक्ने;
(ङ) सोधपुछ र छानबिनको सूचना चुहिन गई संलग्न व्यक्तिहरू र प्रमाणलाई क्षति पुग्ने वा गोपनीयताको अधिकार भङ्ग हुने अवस्था देखिई सोको रक्षाको निम्ति;
(च) कुनै उपयुक्त कारणले प्रक्रिया सार्वजनिक गर्नुपर्ने देखिएमा ।

३.८ एकभन्दा बढी अनुदान प्रदायक निकाय संलग्न भएको अवस्थामा -
अनुसन्धान कार्यलाई अनुदान लगायतको सहयोग गर्ने निकायहरू एकभन्दा बढी भएको अवस्थामा अनुसन्धान अनाचरणको सम्बोधन गर्नुपर्दा कुनै एक निकायलाई नेतृत्वदायी भूमिकाको निम्ति तोक्नुपर्दछ । अनुसन्धान अनाचरणको अन्तिम फैसलालाई चाहिँ सबै निकायहरूले आफूले पालना गर्नुपर्ने नियम, नीति र अनुबन्धअनुसार कार्यान्वयन गर्नसक्नेछन् ।

४. अनुसन्धान अनाचरण सम्बोधन कार्यविधिका लागि सिद्धान्त -
शैक्षिक र अनुसन्धान संस्थाहरू एवं आयोग र अन्य नियामक निकायहरूले अनुसन्धान अनाचरणसम्बन्धी उजुरलाई निष्पक्ष र शीघ्र कार्यविधिद्वारा सम्बोधन गर्नको लागि निम्नलिखित सिद्धान्त पालना गर्नुपर्नेछ ।

४.१ सूचना दिने व्यक्तिलाई संरक्षण -
सूचना दिने व्यक्तिलाई प्रदान गरिने संरक्षणले अनुसन्धान अनाचरणको घटनामा प्रतिकारको भयबाट मुक्त रही र असल मनसायले सूचना दिन र छानबिनमा सहयोग गर्न प्रेरित गर्दछ । सूचना दिने व्यक्तिलाई प्रदान गरिने संरक्षण अन्तर्गत निम्नलिखित व्यवस्था पर्दछन्:

(क) प्रतिकारबाट सुरक्षाको व्यवस्था;
(ख) असल मनसायले सूचना दिएकै कारणले पद र प्रतिष्ठा असुरक्षित हुन नदिने व्यवस्था;
(ग) निष्पक्ष र वस्तुनिष्ठ विधिद्वारा आरोपको जाँच र फैसला ।

४.२ दोषारोपित पक्षलाई संरक्षण -
दोषारोपित पक्षलाई प्रदान गरिने संरक्षणले दोषारोपित पक्षका अधिकारको संरक्षण हुन्छ र अन्य जायज कारण बिना उजुर भएकै कारणले मात्र अनुसन्धान गतिविधि रोक्नुपर्नेछैन वा अन्य प्रतिकूल कारवाहीको भागी हुनुपर्नेछैन भन्ने विश्वास कायम रहन्छ । दोषारोपित पक्षलाई प्रदान गरिने संरक्षण अन्तर्गत निम्नलिखित व्यवस्था पर्दछन्:

(क) दोषारोपित पक्षलाई लागेको आरोपको मुख्य बेहोराको समयमै लिखित सूचना दिइने;
(ख) आरोपका सम्पूर्ण विवरण सूचित गरिने;
(ग) आरोपलाई पुष्टि गर्ने तथ्याङ्क र अन्य प्रमाणमा दोषारोपित पक्षको उचित पहुँच हुने;

University Grants Commission

(घ) आरोप, पुष्टि गर्ने प्रमाण, प्रस्तावित निर्क्योल र फैसला सबैमा प्रतिउत्तर दिने अवसर प्रदान गरिने ।

४.३ वस्तुनिष्ठता र विशेषज्ञता -
आरोपको समीक्षा र छानबिन गर्न जिम्मेवारी पाउने व्यक्तिहरूमा उपयुक्त विशेषज्ञता हुनुपर्नेछ र कुनै प्रकारको स्वार्थ बाझिएको अवस्था हुनुहुँदैन । अनुसन्धान अनाचरणको परीक्षण गर्दा मानव पूर्वाग्रह न्यून हुने प्रविधि र विधि प्रयोग गर्नुपर्दछ ।

४.४ शीघ्रता -
प्रारम्भिक सोधपुछ, छानबिन, फैसला र पुनरावेदन लगायत सबै प्रक्रिया उचित समयभित्र सम्पन्न गर्नुपर्दछ । यस्तो समयगत शीघ्रताले दोषारोपित पक्षलाई अन्यथा पर्न जाने अनावश्यक लामो समयको तनावबाट जोगाउँछ भने समस्त प्रक्रियाको सम्पादनमा सबै पक्षलाई विश्वास दिलाउँछ ।

४.५ गोपनीयता -
निष्पक्ष र पूर्ण छानबिन हुन बाधा नहुने गरी र सान्दर्भिक सबै कानूनले दिएको जिम्मेवारीको पालना हुने गरी यथासम्भव सूचनादाता र दोषारोपित व्यक्तिहरूको परिचय सार्वजनिक नहुने र कानूनले वा छानबिनको आवश्यकताले नै सूचित गर्नुपर्ने व्यक्ति र अधिकारीलाई मात्र सूचना दिन सकिने व्यवस्था हुनुपर्दछ । प्रक्रिया सम्पन्न नभएसम्मको अवधिभर संस्था, आयोग वा अन्य निकायसँग भएको अभिलेख अन्य कानूनले अन्यथा व्यवस्था गरेको अवस्थामा बाहेक सूचनाको हकबाट मुक्त रहनेछ ।

५. प्रशासनिक कारवाही

५.१ कसूरको गम्भीरताअनुसार हुने -
प्रशासनिक कारवाहीको लागि कसूरको गम्भीरता निर्धारण गर्नुपर्दा निम्नलिखित अवस्थाहरू ध्यानमा राख्नुपर्दछः

(क) अनुसन्धान अनाचरण कुन हदमा जानीजानी, नियतका साथ वा लापरवाहीका साथ भएको हो;
(ख) एकल घटनाको रूपमा भएको हो कि एकभन्दा बढी पटक पटके (pattern) को रूपमा भएको हो;
(ग) अनुसन्धान अभिलेख, अनुसन्धानमा संलग्न व्यक्तिहरू, अन्य अनुसन्धाताहरू, संस्थाहरू वा सार्वजनिक हितमा उल्लेख्य असर परेको छ छैन ।

५.२ प्रशासनिक कारवाही -
अनुसन्धान अनाचरणकोकसूरमाकसूरको गम्भीरताअनुसार निम्नलिखित लगायतका प्रशासनिक कारवाहीहरू गर्न सकिनेछः

(क) स्पष्टीकरण लिने;
(ख) चेतावनीपत्र दिने;
(ग) क्षमायाचना गर्न र अनुसन्धान अभिलेख सच्याउन वा फिर्ता लिन आदेश;
(घ) भविष्यमा अनुदानवृत्तिको लागि विशेष शर्त थपिएको शर्तपत्र;
(ङ) चालु अनुदानमा विशेष सुपरिवेक्षण, रोक्का वा खारेजी;
(च) अनुदानको लागि आवधिक प्रतिबन्ध;
(छ) अनुदानको लागि स्थायी प्रतिबन्ध;
(ज) अनुदानको आंशिक वा पुरा रकम फिर्ता;
(झ) सरकारी कर्मचारीको हकमा सो हैसियतमा कानूनअनुसार थप कारवाही हुने भए सोसमेत ।

University Grants Commission

५.३ ठगी वा फौजदारी अपराधका घटना भएको सम्भावना भएमा -
अनुसन्धान अनाचरणको घटना छानबिन हुँदा सो घटनामा मुलुकको कानूनअनुसार ठगी वा फौजदारी अपराध भएको हुन सक्ने अवस्था देखिएमा तुरुन्त सुरक्षा र न्यायिक निकायलाई जानकारी दिनुपर्नेछ ।

६. विविध -

६.१ उच्च शैक्षिक संस्था, अनुसन्धान संस्था र आयोगको सेवाग्राही जुनसुकै संस्थाहरूलाई अनुसन्धान अनाचरणबारे यस नीतिले अपेक्षा गरेको बाहेक थप निर्देशिका र विशिष्ट कार्यविधि बनाउन यस नीतिले बाधा पार्नेछैन ।

६.२ दफा ६.१ अनुसार बनाइएको विशिष्ट कार्यविधिलाई समीक्षाको लागि आयोगमा प्रस्तुत गर्नुपर्नेछ ।

---------------

University Grants Commission